# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- १५

मितिः- २०८१।१२।५ गते मंगलबार

बैठक प्रारम्भः- बिहान ८:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १५ औं बैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको निर्णयहरु गरियो ।

| क्र.स. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुदावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं..वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती त्रिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- १५

मितिः- २०८१।१२।५ गते मंगलबार

बैठक प्रारम्भः- बिहान ८:०० बजे

**प्रस्तावहरु**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. चैनपुर नगर अस्पतालमा स्वास्थ्य विमा तथा फार्मेसी सेवा संचालनका लागि औषधी खरिद सम्बन्धमा ।

३. विविध

क. वैकल्पिक उम्मेद्धार सिफारिस सम्बन्धमा ।

ख. नगरपालिका संघको सदस्यता शूल्क भुक्तानी सम्बन्धमा ।

ग. नदीजन्य पदार्थ ढुङ्गा गिट्टी बालुवा संकलनको सूचना प्रकाशन सम्बन्धमा ।

घ. चैनपुर नगरपालिका भित्रको मुख्य सडक सरसफाई सम्बन्धमा ।

ङ. बजेट शीर्षक परिवर्तन सम्बन्धमा ।

च. भ्रमण स्वीकृत सम्बन्धमा ।

छ. लागत सहभागीता सम्बन्धमा ।

ओमकार प्रसाद चौपाने
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण कुमार तामाङ
नगर प्रमुख

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- १५

मितिः- २०८१।१२।५ गते मंगलबार

बैठक प्रारम्भः- विहान ८:०० बजे

**निर्णयहरु**

**निर्णय नं. १.** प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८१ फाल्गुण २२ गते बसेको १४ औं कार्यपालिका बैठकको समिक्षा गर्दा प्रस्ताव नं. २, ४, र ५ क, ख, घ र ङ कार्यान्वयनको भएको र कार्यान्वयन गर्न वाँकी प्रस्तावहरु कार्यान्वयनका लागि सम्बन्धित शाखाहरुलाई ताकेता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ उपर छलफल गर्दा चैनपुर नगर अस्पतालमा स्वास्थ्य विमा तथा फार्मेसी सेवा संचालनमा औषधी अभाव भई सेवा संचालन गर्न नसिकएकोले उक्त औषधी खरिदका लागि नगर अस्पतालबाट अनुरोध भई आएको हुँदा माग बमोजिम औषधी खरिदको प्रक्रिया अगाडी बढाउने र औषधी आपूर्ति भए पश्चात उक्त रकम चैनपुर नगरपालिकाले भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३ विविध**

क. चैनपुर नगर अस्पतालमा फार्मेसी सहायक पदको मिति २०८१ मंसिर १३ गते संचालन गरिएको परिक्षामा सफल उम्मेद्वार श्री अर्जुन कार्कीले सेवाबाट राजिनामा पेश गरेको हुँदा पहिलो वैकल्पिक उम्मेद्धार श्री तिलविक्रम नेयोङलाई नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरियो ।

ख. प्रस्तुत सम्बन्धमा नेपाल नगरपालिका संघको नगरपालिकाहरुले भुक्तानी गर्नुपर्ने सदस्यता शूल्क वापतको रकम रु.२५०००। विविध खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

ग. चैनपुर नगरपालिका क्षेत्र भित्र वहने नदीहरु मध्ये अरुण नदीको खहरे नाकाको नदीजन्य पदार्थ ढुङ्गा गिट्टी बालुवा संकलनको लागि १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरि ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

घ. चैनपुर नगरपालिका भित्रका मुख्य मुख्य सडकको दायाँ बायाँ काठ,दाउरा, ढुङ्गा राख्ने सडक नजिक वंगुर, बाख्रापालन गर्ने गरेको देखिएकोले चैनपुर बजार, पोखरी बजार र खराङ्ग बजारका सडक साइडमा त्यस्तो कार्य रोक्न नगरपालिकाले ७ दिनको सूचना प्रकाशन, सूचना प्रसारण गरि सो काम रोक्न सवै निकाय तथा व्यक्तिलाई अनुरोध गर्ने निर्णय गरियो ।

ङ. चैनपुर नगरपालिका १६ औं नगर सभाबाट प्रत्यायोजित अधिकार अनुसार चैनपुर नगरपालिका २ को देहायका योजनाहरुको नाम संशोधन गर्ने निर्णय गरियो ।

| क स | योजनाको नाम | रकम | क स | संशोधित योजनाको नाम | रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | भगवती माध्यमिक विद्यालय चित्लाङ पाइप खरिद र भित्तेलेखन चैनपुर २ | १००००० | १ | भगवती माध्यमिक विद्यालय चित्लाङ खानेपानी आयोजना र भित्तेलेखन चैनपुर २ | १०००००। | |

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- १५

मितिः- २०८१।१२।५ गते मंगलबार

बैठक प्रारम्भः- बिहान ८:०० बजे

च. चैनपुर नगर अस्पतालको लागि विभिन्न स्वास्थ्य प्रविधि तथा उपकरणहरु स्वास्थ्य मन्त्रालय तथा स्वास्थ्य सेवा विभागले प्रदान गर्ने भएको हुँदा स्वास्थ्य उपकरण बुझी लिन काठमाडौं सम्म जानका लागि प्रमुख श्री कृष्ण कुमार तामाङको भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।

छ. चैनपुर नगरपालिका वडा नं.-११ मा खहरे सौर्य सिंचाइ परियोजना निर्माण/जडान गर्नको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र चैनपुर नगरपालिकाबीच लागत साझेदारीमा कार्यान्वयनका वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको ८० प्रतिशत रु. १,०३,१९,६६०.१४।- र चैनपुर नगरपालिकाको २० प्रतिशत रु.२५,७९,९१५.०४।- आगामी आर्थिक वर्षमा वजेट व्यवस्था गरि लागत सहभागीता गर्ने गरि हाल संझौता गर्ने निर्णय गरियो ।

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक १०:३० बजे यही अन्त्य गरियो।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत